# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, साउन २१ गते २०३६ साल [ संख्या १६

श्री ५ को सरकार

**स्वास्थ्य मन्त्रालयको**

**सूचना**

कुष्ठरोग सेवा विकास समिति (गठन) आदेश, २०३६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कुष्ठरोग सेवा विकास समिति (गठन) आदेश, २०३६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले कुष्ठरोग नियन्त्रण गर्न श्री ५ को सरकारबाट स्वीकृत परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) कुष्ठरोग सेवा विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| (क) सचिव, स्वास्थ्य मन्त्रालय– | अध्यक्ष |
| (ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग– | सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) सदस्य-सचिव, स्वास्थ्य सेवा समन्वय समिति– सदस्य
(घ) सदस्य-सचिव, निःसहाय सेवा समन्वय समिति– सदस्य
(ङ) प्रतिनिधि, नेपाल कुष्ठरोग निवारण संघ– सदस्य
(च) प्रतिनिधि, आँखा अस्पताल– सदस्य
(छ) प्रतिनिधि, आनन्द वन कुष्ठरोग अस्पताल– सदस्य
(ज) प्रतिनिधि, इन्टरनेशनल नेपाल फेलोशिप– सदस्य
(झ) श्री ५ को सरकारबाट मनोनीत दुईजना व्यक्तिहरू– सदस्य
(ञ) परियोजना प्रमुख– सदस्य-सचिव

(३) उप-दफा (२) को खण्ड (झ) बमोजिमका सदस्यहरूको पदावधि दुई वर्ष हुनेछ र श्री ५ को सरकारले चाहेमा निजहरूलाई पुनः मनोनीत गर्न वा पदावधि बाँकी छँदै पनि हटाउन सक्नेछ ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा कुनै अस्पतालको प्रतिनिधि समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछ ।

(५) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) विभिन्न क्षेत्रबाट अनुदान वा सहायता उपलब्ध गरी कुष्ठरोगको सेवा विस्तार गरी अधिराज्यव्यापी कुष्ठरोग नियन्त्रण गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरू गर्न सक्नेछ :–

(क) परियोजनाको कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने,
(ख) कुष्ठरोगसम्बन्धी अस्पताल, प्रशिक्षण केन्द्र र छात्रावासको निर्माण, विस्तार र संभार गर्ने,
(ग) कुष्ठरोग सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने,
(घ) कुष्ठरोग सेवा र नियन्त्रणसम्बन्धी तालीम सञ्चालन गर्ने,
(ङ) परियोजनाअन्तर्गतका बाहेक अन्य अस्पताल वा संघ संस्थासंग पारस्परिक सहयोग र समन्वय कायम गर्ने र सहायता गर्ने,
(च) श्री ५ को सरकारको स्वीकृति लिई अन्तरराष्ट्रिय संस्था वा विदेशी सरकार वा संस्थाबाट सहायता प्राप्त गर्ने,
(छ) श्री ५ को सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी प्राविधिकलाई करार सेवामा नियुक्ति गर्ने,
(ज) कुष्ठरोग सेवा र नियन्त्रणको लागि कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१६८

(झ) परियोजनाको कार्य प्रगतिको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने,

(ञ) कुष्ठरोग सेवा र नियन्त्रणको निमित्त अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायको रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) समितिले अन्य कुनै श्रोतबाट प्राप्त गरेको रकम ।

तर श्री ५ को सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट कुनै खास कार्यक्रम वा कार्यको निमित्त प्राप्त भएको रकम सोही कार्यक्रम वा कार्यमा खर्च गरिनेछ ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्था : (१) परियोजनाअन्तर्गतको केन्द्रीय कुष्ठ चिकित्सालय र कुष्ठरोग नियन्त्रण आयोजनामा काम गरी रहेका श्री ५ को सरकारका प्राविधिक र प्रशासकीय कर्मचारीलाई समितिबाट तलब खुवाउने गरी श्री ५ को सरकारले तद् तद् चिकित्सालय र आयोजनामा काम गर्न काज खटाउनेछ ।

(२) उप-दफा (१) बमोजिम स्वास्थ्य सेवा विभागबाट काजमा खटाइएका र पछि खटाइने प्राविधिक र प्रशासकीय कर्मचारीहरूको पद दरबन्दीलाई स्वास्थ्य सेवा विभागको दरबन्दीमा राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) परियोजनाअन्तर्गतका चिकित्सालय र आयोजनामा काजमा रहेका प्राविधिक वा प्रशासकीय कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा सोको सूचना समितिलाई दिइनेछ ।

(४) श्री ५ को सरकारको सेवामा रही समितिमा काज खटिएका प्राविधिक तथा प्रशासकीय कर्मचारीहरूको सरुवा, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा र विभागीय कारवाई तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ । सो बाहेक परियोजनाअन्तर्गतको चिकित्सालय वा आयोजनामा काजमा छउञ्जेल त्यसरी काजमा खटिएका कर्मचारीहरू समितिका कर्मचारीहरूसरह नै हुनेछन् ।

(५) समितिमा काजमा खटिएका श्री ५ को सरकारको प्राविधिक वा प्रशासकीय कर्मचारीलाई सरुवा गर्नु, फिर्ता गर्नु वा विभागीय कारवाई गर्नु परेमा समितिले सो गर्नु परेको कारण र आधार स्पष्ट खुलाई श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ र त्यस्तो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरामा आधारित छ सोसमेत खुलाई पठाउनु पर्नेछ ।

(६) परियोजनाअन्तर्गतका चिकित्सालय र आयोजनामा नयाँ प्राविधिक वा प्रशासकीय पद श्रृजना गर्नु परेमा वा भएको पद खारेज गर्नु परेमा समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. अधिकार प्रत्यायोजन : समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा समितिका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

११. समितिको कार्यालय : समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

१२. सम्पत्तिको हस्तान्तरण र बचाउ : श्री ५ को सरकारको केन्द्रीय कुष्ठ चिकित्सालय र कुष्ठरोग नियन्त्रण आयोजनाको स्वामित्वमा रहेका चल तथा अचल सम्पत्ति समितिलाई हस्तान्तरण गरिएको छ । उक्त चिकित्सालय तथा आयोजना र सोअन्तर्गतका कार्यालयहरूसित भएका ठेक्का पट्टा करारहरू समितिसित भए गरेको मानिनेछ ।

आज्ञाले–
तारादेव भट्टराई
श्री ५ को सरकारको सचिव

९८०

श्री ५ को सरकारको छापखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिक प्रति मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।